नेपाल सरकार

**अर्थ मन्त्रालय**

प्रेस विज्ञप्ती

आज मिति २०७० साल फागुन २२ गते बिहीबार (तदनुसार मार्च ६, २०१४) मा फिन्ल्याण्ड सरकारको बिदेश मन्त्रालयका under secretary of state Mrs. Anne Marijaana ले माननीय अर्थ मन्त्री डा.रामशरण महतसँग अर्थ मन्त्रालयमा शिष्टाचार भेटघाट गर्नुभयो ।

भेटघाटको क्रममा माननीय अर्थमन्त्री डा. महतले टोलीलाई स्वागत गर्दै नेपालको विकास प्रयासमा फिनल्याण्ड सरकारले लामो समयअघि देखि पुयाउँदै आएको सहयोगको लागि धन्यवाद दिदैं आगामी दिनहरुमा सहयोग अझै अभिवृद्धि हुदैं जाने र आपसी सम्बन्ध अझ सुमधुर र मजबुत हुदैं जाने विश्वास व्यक्त गर्नुभयो । उहाँले नेपालको वर्तमान अवस्थाको विश्लेषण गर्दै सामाजिक क्षेत्रमा नेपालले प्राप्त गरेका महत्वपूर्ण उपलब्धिहरु लाई दिगो बनाउँदै पूर्वाधारका क्षेत्रमा विकासका लागि लगानी बढाउनु जरुरी रहेको बताउनु भयो । साथै अन्तरक्षेत्रिय असमानता तथा शहरी र ग्रामिण क्षेत्र बीचको खाडल कम गर्न जरुरी रहेको तर्फ जोड दिदैं न्युन आर्थिक बृद्धिदर तथा लगानीको कमि तथा कार्यकुशलतामा कमि हुनुको कारणले पर्याप्त मात्रामा प्रगति हासिल हुन नसकेकोले आगामी दिनमा यसतर्फ विशेष ध्यान दिनुपर्ने धारणा राख्नुभयो । भेटघाटको क्रममा फिनल्याण्डको तर्फबाट नेपालको विकास सहायता नीतिको बारेमा राखेको जिज्ञासाको सम्बन्धमा माननीय मन्त्री डा. महतले प्रष्ट पार्नुभएको थियो तथा यस विषयमा अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका सहसचिव श्री मधुकुमार मरासिनीले थप प्रष्ट पार्दै नेपालले प्राप्त गर्ने अन्तर्राष्ट्रिय आर्थिक सहायताको पारदर्शिता तथा प्रभावकारीताको लागि प्रस्तावीत नीतिले सहयोग गर्ने विचार व्यक्त गर्नुभयो ।

भेटका क्रममा Mrs. Anne Marijaana ले नेपालको योजना प्रणालीमा खासगरी शिक्षा, स्वास्थ्य, सरसफाईका क्षेत्र तथा असमानता घटाउने जस्ता विषयमा नेपालले आगामी दिनमा लिने नीति तथा सन् २०१५ पछि अर्थात सहस्राब्दी विकास कार्यक्रमको कार्यान्वयन पश्चात् नेपालले अवलम्बन गर्ने भावी रणनीतिका विषयमा समेत जिज्ञासा राख्नुभएको थियो । साथै उहाँले नेपालले सामाजिक क्षेत्रमा हासिल गरेको प्रगतिमा खुसी व्यक्त गर्दै लगानीका लागि उपयुक्त वातावरण सिर्जना गर्न मा. अर्थ मन्त्री डा. महतले देखाएको प्रतिवद्धता प्रति सरहना व्यक्त गर्नुभयो ।

उक्त भेटघाटमा अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका सहसचिव श्री मधुकुमार मरासिनी तथा नेपालका लागि फिनल्याण्डका महामहिम राजदुत Mr. Asko Luukkainen को समेत सहभागीता रहेको थियो

**२०७० साल फागुन २२ गते ।**